# महालेखा परीक्षकको कार्यालय
## बबरमहल, काठमाडौं
# लेखापरीक्षण सहायक नियुक्तिसम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७४।०६।२६)

महालेखा परीक्षकको कार्यालयले ओखलढुङ्गा, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा, रौतहट, स्याङ्जा, रुपन्देही, रोल्पा, प्युठान, दाङ, बर्दिया, सुर्खेत, दैलेख, जाजरकोट, सल्यान, रुकुम, डोटी, अछाम, कैलाली, दार्चुला र डडेलधुरा जिल्लाहरुमा स्थानीय तह तथा साबिकको स्थानीय निकायको आर्थिक वर्ष २०७३।७४ को लेखापरीक्षण गर्न लेखापरीक्षण सहायक एक महिनाको लागि आवश्यक भएकोले न्यूनतम योग्यता पुगेका नेपाली नागरिकहरुको लागि सूचना प्रकाशन गरिएकोमा पर्याप्त दरखास्त नपरेकोले यो सूचना प्रकाशित भएको मिति (२०७४।६।२६ देखि) ले ७ दिनभित्र महालेखा परीक्षकको कार्यालय बबरमहलमा आफूले काम गर्न चाहेको कुनै एक जिल्लाको लागि सूचीकृत हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. **आवश्यक संख्या:** ४७

२. **पेस गर्नुपर्ने कागजातहरु:**

(क) वैयक्तिक विवरण (Bio-data):- नाम, ठेगाना (स्थायी, अस्थायी, व्यावसायिक), टेलिफोन, शैक्षिक योग्यता, तालिमको विवरण, कार्य अनुभव, लेखापरीक्षण क्षेत्रको विशेष अनुभव एवं कम्प्युटर सम्बन्धी दक्षता लगायतका विषयवस्तु खुलाउने,
(ख) शैक्षिक योग्यता तथा तालिमको प्रमाणपत्रको प्रतिलिपि,
(ग) प्रचलित कानुनबमोजिम मान्यता प्राप्त निकायबाट लेखापरीक्षण गर्न जारी भएको पेशागत प्रमाणपत्रको प्रतिलिपि,
(घ) अनुभव खुल्ने प्रमाणको प्रतिलिपि,
(ङ) स्थानीय निकाय/तहको लेखापरीक्षण अनुभव भए सोको प्रतिलिपि,
(च) लेखापरीक्षण फर्म दर्ता गरेको भए सोको प्रतिलिपि,
(छ) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(ज) सम्बन्धित स्थानीय तहको लेखापरीक्षण कार्ययोजना (४०० शब्दमा नबढ्ने गरी) ।

३. **न्यूनतम योग्यता:**

(क) चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी ३ वर्षको लेखापरीक्षण अनुभव वा व्यवस्थापनमा स्नातक तह उत्तीर्ण गरी १० वर्षको लेखापरीक्षण अनुभव वा स्नातक तह उत्तीर्ण गरी लेखापरीक्षण प्रमाणपत्र प्राप्त गरेर १० वर्षको लेखापरीक्षण अनुभव भएको,
(ख) नेपाली नागरिक,
(ग) ६५ वर्ष उमेर ननाघेको ।

४. **विशेष ग्राह्यता:** सम्बन्धित जिल्लामा स्थायी वा अस्थायी बसोबास र व्यावसायिक ठेगाना भएकालाई प्राथमिकता दिइनेछ ।

५. **अन्य व्यवस्था:** निवेदकले पेस गरेका कागजात मूल्याङ्कन गरी सूचीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयलाई रहनेछ । लेखापरीक्षण सहायकलाई तोकिएको पारिश्रमिक उपलब्ध गराइनेछ । यस सम्बन्धी विस्तृत विवरण कार्यालयको website: www.oagnep.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**सम्पर्क व्यक्ति:**
लेखापरीक्षण निरीक्षक श्री चिरञ्जिवी रेग्मी
फोन: ९८४९३७२०३७